ISSN NO . 2676–1297

# विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव

गोविन्दप्रसाद मैनाली *

**अध्ययनसार**

*यस आलेखमा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावको अध्ययन गरिएको छ। आलेखमा रूसमा लेनिनले अक्टोवर समाजवादी क्रान्ति गर्दै समाजवाद स्थापना गरी सोभियत युनियनको गठन गरेपछि सोभियत युनियनले विश्व राजनीतिमा पारेको प्रभावलाई प्रमुख आधार मानिएको छ। लेनिनले सन् १९२२ मा समाजवादी व्यवस्थाको नयाँ प्रारूप सोभियत युनियनको अवधारणा ल्याई सोभियत युनियनको गठन गरेपछि यसको प्रभावमा र सहयोगमा विश्वका विभिन्न मुलुकमा समाजवादी क्रान्ति सम्पन्न भई समाजवादी व्यवस्था स्थापना भएको थियो। यस आलेख यसै विषयवस्तुमा केन्द्रित रही तयार पारिएको छ। यस आलेखमा विशेषतः मङ्गोलिया, हङ्गेरी, युगोस्लाभिया, चेकोस्लोभाकिया, पूर्वी जर्मनी, यमन, अफ्रिकी महादेशका विभिन्न मुलुक, कम्बोडिया, अफगानिस्तान, चीन, उत्तर-कोरिया, भियतनाम, लाओस, क्युवाजस्ता मुलुकमा सोभियत युनियनको र वैज्ञानिक समाजवादी चिन्तनको प्रभावमा कसरी समाजवादी क्रान्ति तथा जनवादी क्रान्ति सम्पन्न भई समाजवाद स्थापना तथा जनवाद स्थापना भई समाजवादका लागि मार्ग प्रशस्त भए भन्ने कुराको मिहिन, सूक्ष्म ढङ्गले सङ्क्षिप्त अध्ययन गरिएको छ। यस आलेख आगनात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ भने यस आलेखको उद्देश्य विश्वमा वैज्ञनिक समाजवादी चिन्तनले पारेको प्रभावलाई प्रकाश पार्नु हो। यस आलेखको अध्ययनले विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावलाई राम्रोसँग बुझ्न सकिन्छ।*

***शब्दावली** : वैज्ञानिक समाजवाद, समाजवादी क्रान्ति, जनवादी क्रान्ति, सोभियत युनियन, समाजवादी व्यवस्था।*

**१.विषयपरिचय**

यस आलेखमा मार्क्सवादी धाराअन्तर्गतको वैज्ञानिक समाजवादी चिन्तनले विश्व राजनीतिमा पारेको प्रभावको अध्ययन गरिएको छ। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव विश्वभरि नै देखिन्छ। सन् १८४८ मा मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखी वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गरे । यसलाई राजनैतिक तथा आर्थिक कार्यक्रमको मूर्त रूप दिएपछि र यसैको आधारमा र जगमा लेनिनले रूसमा सन् १९१७ मा अक्टोबर समाजवादी क्रान्ति गरी वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेपछि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव विश्व राजनीतिमा परेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले संसारभरि नै समाजवादी पार्टीको निर्माण, समाजवादी आन्दोलनको गतिविधि, क्रान्ति र वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावबाट विश्वका कुनै पनि मुलुक अछुतो रहेका थिएनन्। यसको लपेटाबाट संसारभरिका मुलुक बच्नै सकेका थिएनन्। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव विश्व राजनीतिमा प्रभावशाली ढङ्गले परेको थियो र आज पनि उत्तिकै परेको छ।

२३ अक्टोबर, १९१७ मा रूसमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको थियो। यस क्रान्तिले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेपछि विश्व राजनीतिमा विश्व सर्वहारावर्गको मुक्ति रराज्यसत्ता स्थापना गर्ने नयाँ उत्प्रेरणा, उर्जा र प्रक्रियाको आरम्भ भएको थियो। सन् १९४५ मा सोभियत समाजवादी सेनाले जर्मन फासीवादी साम्राज्यवादी सत्ता र जापानी सैन्यवादी साम्राज्यवादी सत्तालाई पराजित गरिदिएको थियो। यसपछि विश्व राजनीतिमा

* लेखक राजनीतिशास्त्र विषयका अध्येता हुन्।

वैज्ञानिक समाजवादी चिन्तन पुँजीवादी साम्राज्यवादी व्यवस्था र निरङ्कुश तानाशाही व्यवस्थालाई समाप्त पार्ने र सर्वहारावर्गको मुक्ति दिलाउने एक मात्र निर्विकल्प चिन्तन बन्न पुगेको थियो (म्याकफर्लेन इ.१९९०,पृ.७) । यसले गर्दा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तन एक आकर्षणको चिन्तन बन्न पुगको थियो । वैज्ञानिक समाजवादी चिन्तन राजनीतिक व्यवस्था र सत्तामा रूपान्तरित भएपछि वैज्ञानिक समाजवादी व्यवस्था एक निर्विकल्प र अनिवार्य व्यवस्थाको रूपमा स्थापित भएको थियो ।

यसरी वैज्ञानिक समाजवादी चिन्तनले राजनीतिक व्यवस्था र सत्ताको आकार ग्रहण गरेपछि यसले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो । यस आलेखमा सन् १९१७ देखि १९९० को दशकसम्म वैज्ञानिक समाजवादी चिन्तनले प्रभावित तुल्याएर विश्वका विभिन्न मुलुकमा कसरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना भयो र यो कसरी विघटित भयो भनेर सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ ।

यस आलेखको मूल उद्देश्य विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावलाई प्रकाश पार्नु हो । विश्व राजनीतिमा सन् १८४८ मा मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेखी वैज्ञानिक समाजवादी चिन्तनको उद्भव गराएपछि यसै चिन्तनलाई आधार मानि लेनिनले सन् १९१७ मा अक्टोवर समाजवादी क्रान्ति सम्पन्न गरी समाजवाद स्थापना गरी सोभियत युनियनको अवधारणा ल्याएपछि यसले विश्व राजनीतिमा पारेको प्रभावलाई मिहिन सूक्ष्म र सङ्क्षिप्त अध्ययन गर्नु नै यस आलेखको प्रमुख उद्देश्य हो ।

यस आलेखको अध्ययन विधि आगमनात्मक विधि (Inductive method)हो । यस आलेख ऐतिहासिक ढाँचा (Historical Research Design)र वर्णनात्मक ढाँचा (Decriptive Researc Design)मा अध्ययन गरिएको छ। यस आलेखको अध्ययन व्याख्यावादमा आधारित भएर गरिएको छ। यस आलेखको अध्ययन गर्दा गुणात्मक विश्लेषण विधि (Qualitative Data Analysis)अपनाइएको छ। यस आलेखको अध्ययन गर्दा सहायक स्रोतका आधारमा सामग्री जुटाइएको छ। उक्त सामाग्रीलाई विश्लेषण गर्न गुणात्मक विश्लेषण विधि अपनाइएको छ। यस आलेखको अध्ययन गर्ने क्रममा मार्क्सवादी पुस्तकहरू, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी लेखिएका पुस्तकलाई प्रमुख आधार मानी अध्ययन गरिएको छ।

**२.सैद्धान्तिक आधार**

यस आलेखको दार्शनिक पक्ष मार्क्सवाद हो भने सैद्धान्तिक पक्ष वैज्ञानिक समाजवाद हो। यस आलेखको अध्ययनको सैद्धान्तिक आधार वैज्ञानिक समाजवाद हो । रूसमा लेनिनले वैज्ञानिक समाजवादलाई मूल सैद्धान्तिक आधार मानि समाजवादी क्रान्ति गरी समाजवाद स्थापना र सोभियत युनियनको गठन गरेपछि यसै सिद्धान्तको प्रभाव र सहयोगमा विश्वका विभिन्न मुलुकमा भएका समाजवादी क्रान्ति र जनवादी क्रान्तिलाई आधार मानि यस आलेखको अध्ययन गरिएको छ।

रूसमा समाजवादी शासन व्यवस्थाको स्थापना गरेपछि लेनिनले आत्मनिर्णय सहितको संघीयतामा आधारित सोभियत युनियनको प्रारूप ल्याएपछि सन् १९२२ मा रूस, युक्रेन र बेलारूस आबद्ध गरी सोभियत समाजवादी संघ (युएसएसआर) को निर्माण गरेका थिए। सोभियत युनियन र वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना भएपछि यसमा आवद्ध हुने र वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना गर्ने पुरै विश्वमा लहर चलेको थियो । विश्वका धेरै मुलुक सोभियत युनियनमा आबद्ध भएका थिए र वैज्ञानिक समाजवादी व्यवस्थालाई स्थापना गरेका थिए। जुन लहरले वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव विश्वभरि नै पर्न पुगेको थियो(म्याकफरल्यान, इ.१९९०,पृ.८)। यस आलेखमा यही घटनाक्रमलाई सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ।

'हरेकको क्षमताअनुसार काम र काम अनुसारको पारिश्रमिकता प्राप्त गर्नु' वैज्ञानिक समाजवादी चिन्तनको प्रमुख सिद्धान्त हो (गिलबर्ट, इ.२०१५, पृ.१९७) । वैज्ञानिक समाजवादी चिन्तनको यस्तो लोकप्रिय सिद्धान्तको निर्माण भएपछि

यसले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो। यस्तो लोकप्रिय सिद्धान्त सुनेपछि विश्वभरका श्रमजीवी जनता र सर्वहारा मजदुरहरू वैज्ञानिक समाजवादी चिन्तनलाई आत्मसात्, अङ्गीकार र अनुसरण गर्न पुगेका थिए। जसले गर्दा विश्वका विभिन्न मुलुकमा विद्रोह, क्रान्ति र आन्दोलन भएको थियो। संसारका विभिन्न मुलुकमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुन पुगेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको 'क्षमता अनुसारको काम र काम अनुसारको पारिश्रमिकता' भन्ने सिद्धान्त आज पनि उत्तिकै लोकप्रिय छ। जसले गर्दा आज पनि वैज्ञानिक समाजवादी चिन्तनले विश्व राजनीतिलाई प्रभावित तुल्याएको छ।

**३.वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव**

रूसमा अक्टोवर समाजवादी क्रान्तिपछि वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाअन्तर्गत सोभियत युनियनको गठन भएपछि वैज्ञानिक समाजवादी चिन्तनले विश्व राजनीतिलाई प्रभावित तुल्याएको थियो। रूसमा समाजवादी क्रान्तिपछि स्थापना भएको समाजवादी व्यवस्थाको प्रभावमा परी अरू मुलुकहरूमा पनि सोभियत युनियनमा आबद्ध हुने लहर चलेको थियो (खतिवडा, २०७४, पृ.२१)। सोभियत युनियनको गठनपछि यसको प्रभावमा परी यस समाजवादी सङ्गठनमा सङ्गठित हुन अरू मुलुक पनि तयार भएका थिए। सन् १९२४ मा तुर्कमनिस्तान र उज्वेकिस्तान सोभियत युनियनमा आवद्ध भएका थिए। सन् १९२६ मा काजकिस्तान, किर्किस्तान, अर्मेनिया, अजरबैजान र जर्जिया सोभयत युनियनमा आबद्ध भएका थिए। सन् १९२९ मा ताजिकिस्तान सोभियत युनियनमा आबद्ध भएको थियो। सन् १९४० मा मोल्दोभा, इस्टानिया, लाटभिया र लिथुवानिया सोभियत युनियनमा आबद्ध भएका थिए ( गोडिङ, २००१,पृ.२४)। यसरी विभिन्न मुलुकहरू क्रमैसँग सोभियत युनियनमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभावमा परी सङ्गठित हुन पुगेका थिए।

यी सबै मुलुकहरू सोभियत युनियनमा आवद्ध भएपछि विश्व मानचित्रमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था अंगाल्ने सोभियत युनियन विश्वकै सबैभन्दा ठुलो र शक्तिशाली मुलुक बन्न पुगेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले विश्वका विभिन्न मुलुकमा समाजवादी क्रान्ति भएको थियो र वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो। भलै आज थोरै केही मुलुकमा मात्रै टिकेको छ, वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था। तर, वैज्ञानिक समाजवादी चिन्तनले भने संसारभरि नै प्रभावित तुल्याएको छ ( लि, इ.२००३, पृ.१६)। विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावलाई यस आलेखमा सङ्क्षिप्त रूपमा क्रमशः अध्ययन गरिएको छ।

**मङ्गोलिया**

सन् १९२१ मा मङ्गोलियन पिपुल्स पार्टीले मङ्गोलियामा जनवादी क्रान्ति गरी राज्य सत्ता कब्जा गरेको थियो। यस क्रान्तिले मङ्गोलियामा समाजवादी राजनीतिक व्यवस्था स्थापनाका लागि मार्ग प्रशस्त गरेको थियो (खतिवडा, २०७४, पृ. २१)। यस क्रान्तिले मङ्गोलियालाई समाजवाद स्थापनाको लागि आधार निर्माण गर्न मद्दत मिलेको थियो। मङ्गोलियामा सन् १९२१ देखि १९२४ मा थुप्रै समाजवादी कार्य भएको थियो। मङ्गोलियन पिपुल्स पार्टीको सरकारले त्यहाँको भू-दास प्रथालाइ हटाएको थियो, स्थानीय निकायमा निर्वाचन गरी समाजवादी सामाजिक व्यवस्था स्थापना गरेको थियो, त्यहाँ अर्थव्यवस्थालाई सुदृढीकरण र रूपान्तरण गर्दै समाजवादी आर्थिक व्यवस्थाको आधार संरचनाको निर्माण गरेको थियो, मङ्गोलियन पिपुल्स पार्टीको सरकारले गरिब किसानको ऋण मिनाह गरेको थियो र कृषि क्षेत्रमा व्यापारिक र व्यवसायिक सहकारी समितिहरूको निर्माण गर्दै कृषिलाई सबल र सक्षम बनाएको थियो। मङ्गोलियन पिपुल्स पार्टीको सरकारले सोभियत युनियनको सहयोगमा मङ्गोलियामा सन् १९२१ देखि १९४० सम्मको चरणमा सामन्तवादी संरचनालाई ध्वस्त पार्दै समाजवादी राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाको निर्माण गरेको थियो (तामाङ, २०६९, पृ.१३३)। मङ्गोलियामा सोभियत युनियनको सहयोगमा जनवादी क्रान्ति सम्पन्न हुँदै समाजवादी राज्य व्यवस्था स्थापना भएको थियो। सोभियत युनियनको विघटन र पतनसँगै मङ्गोलियामा बहुदलीय व्यवस्थाको स्थापना भएको छ (खतिवडा,

२०७४, पृ.२१)। मङ्गोलियामा सोभियत युनियनको सहयोगले नै स्थापना भएको समाजवादी व्यवस्था सोभियत युनियनको विघटनसँगै अन्त्य हुन पुगेको थियो।

**हङ्गेरी**

पहिलो विश्वयुद्धपछि रूसमा र मङ्गोलियामा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो। दोस्रो विश्वयुद्धपछि चाहिँ वैज्ञानिक समाजवादी चिन्तनले विश्वको सम्पूर्ण मुलुकलाई प्रभावित तुल्याएको थियो (खतिवडा, २०७४, पृ.२१)। पहिलो र दोस्रो विश्वयुद्धपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावका कारण विश्वका धेरै मुलुकहरूमा समाजवादी व्यवस्था स्थापना हुने क्रममा हङ्गेरीमा पनि समाजवादी व्यवस्था स्थापना भएको थियो। सोभियत समाजवादी सेनासँग जर्मनको नाजीवादी सेना हारेपछि सोभियत युनियनको सहयोगमा विश्वभरमा नै विद्रोह, क्रान्ति र युद्ध गरी राज्यसत्ता परिवर्तन गरी वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्ने लहर चलेको थियो। यही लहरले हङ्गेरीमा मार्क्सवादी लेनिनवादी समूहहरू मिलेर 'हङ्गेरियन कामदार जनताको पार्टी' को निर्माण गरेका थिए। यही पार्टी मार्फत् सन् १९४९ मा राज्यसत्ता कब्जा गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरेका थिए (खतिवडा, २०७४, पृ.२१-२२)। दोस्रो विश्व युद्धपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभावका कारण हङ्गेरीमा पनि समाजवाद स्थापना भएको थियो।

यसपछि सोभियत युनियनको सहयोगमा हङ्गेगरीमा समाजवादी सिद्धान्त अनुरूपको आर्थिक/सामाजिक प्रणाली स्थापना भएका थिए (भण्डारी, २०७४, पृ.४१२)। समाजवाद स्थापनासँगै हङ्गेरीको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समाजवादी चिन्तनले गम्भीर प्रभाव पारेको थियो। यो समाजवादी व्यवस्थालाई सन् १९५६ को विद्रोहले ढालेको थियो र त्यहाँ नयाँ बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भएको थियो (खतिवडा, २०७४, पृ.२१-२२)। हङ्गेरीमा समाजवादी व्यवस्था ढले पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव भने गहिरोसँग परेको थियो। विश्व समाजवादी आन्दोलनमा हङ्गेरीको समाजवादी गणतन्त्रात्मक व्यवस्था रूसमा स्थापित समाजवादी गणतन्त्र व्यवस्थापछिको दोस्रो समाजवादी व्यवस्थामा थियो। समाजवादी गणतन्त्र स्थापना गरे पनि हङ्गेरियन कम्युनिस्ट नेताहरूले वस्तुगत अवस्थाको परिस्थितिजन्य विश्लषण गने नसक्दा र बाह्य सहयोगको आसमा बस्दा हङ्गेरियिन क्रान्ति र समाजवादी व्यवस्था असफल भई ढल्न पुगेको थियो (जोशी, २०७८ पृ.२६१-२६२)। हङ्गेरीमा समाजवादी व्यवस्था लामो समयसम्म टिक्न नसके पनि त्यहाँ वैज्ञानिक समाजवादी चिन्तनको प्रभावका कारणले समाजवादी शासन व्यवस्था स्थापना भएको थियो। यसले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो।

**युगोस्लाभिया**

युगोस्लाभियामा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो। दोस्रो विश्वयुद्धको समयमा हङ्गेरी र इटालीको सेनाको सहयोगमा जर्मन सेनाको हस्तक्षेप युगोस्लाभियामा थियो। यस सैनिक हस्तक्षेपको विरूद्धमा सङ्घर्ष, विद्रोह र क्रान्ति गर्न 'युगोस्लाभ कम्युनिस्ट पार्टी' ले मार्सल टिटोको नेतृत्वमा मुक्ति सेना गठन गरेको थियो। यही मुक्ति सेनाले सन् १९४५ मा युगोस्लाभियाको राज्यसत्ता कब्जा गरी वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो (खतिवडा, २०७४, पृ.२२)। विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभाव स्वरूप युगोस्लाभियामा पनि समाजवादी व्यवस्था स्थापना भएको थियो।

यस व्यवस्था स्थापनापछि सन् १९४५-१९४६ तिर राज्यले उत्पादनका साधनमाथिको निजी स्वामित्वको अन्त्य गरिदिएको थियो। राज्यको स्वामित्व अन्तर्गत राज्यका प्रमुख अर्थतन्त्रका निकाय गाभिएका थिए, अन्तर्राष्ट्रिय कम्पनिहरूलाई राष्ट्रियकरण गरिएको थियो र भूमि सुधार कार्यक्रम लागू गरी जमिन्दारी प्रथाको उन्मुलन गरिएको थियो (तामाङ, २०६९, पृ.१३२)। युगोस्लाभियामा समाजवादी शासन व्यवस्था स्थापना भएसँगै त्यहाँ राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा पनि समाजवादी सिद्धान्तको अभ्यास नै भएको थियो। यसरी यस मुलुकमा समाजवादी

व्यवस्थालाई संस्थागत गर्नतिर लागिएको थियो। कम्युनिस्ट नेता मार्सल टिटोको नेतृत्वमा स्थापना भएको समाजवादी सङ्घीय गणतन्त्र युगोस्लाभिया ४ मे, १९८९ मा उनको मृत्यु भएपछि कमजोर बन्न पुगेको थियो (जोशी, २०७८, पृ.३२५)। टिटोको मृत्युपछि त्यहाँ समाजवादी शासन व्यवस्था कमजोर बनी अन्त्य हुन पुगेको थियो। यसपछि यो वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था सन् १९८९ मा ढलेको थियो। युगोस्लाभियामा वैज्ञानिक समाजवादी राज्यसत्ता ढलेसँगै युगोस्लाभियाको राज्यसत्ता पनि विघटन भएको थियो। युगोस्लाभिया, सर्विया, बोस्निया-हर्जगोभिना, मन्टेनेग्रो, स्लाभेनिया, क्रोएसिया, मेसेडोनिया जस्ता मुलुकमा विभक्त भएको थियो। सर्बिया पनि विभक्त भई छुट्टै कोसोभो मुलक बन्न पुगेको थियो (खतिवडा, २०७४, पृ.२२)। युगोस्लाभियामा वैज्ञानिक समाजवादी चिन्तनको प्रभावमा समाजवादी गणराज्यको स्थापना भए पनि यो व्यवस्था लामो समयसम्म टिक्क सकेन भने पछि गएर राज्य नै विभक्त भई विखण्डनको अवस्थामा पुगेको थियो। पछि युगोस्लाभिया राज्य विभक्त भई युगोस्लाभिया, सर्विया, बोसनिया-हर्जगोभिना, मन्टेनेग्रो, स्लाभेनिया, क्रोएसिया, मेसोडोनिया जस्ता विभिन्न मुलुक विश्व मानचित्रमा अस्तित्वमा आएका थिए।

**चेकोस्लोभाकिया**

दोस्रो विश्वयुद्धपछि जर्मनको नाजिवादी सेनाको अधिनमा रहेको चेकोस्लाभाकिया मे, १९४५ मा जर्मनबाट स्वतन्त्र भएको थियो। सोभियत लाल सेनाको सहयोगमा जर्मन नाजिवादी सेनाबाट चेकोस्लोभाकिया स्वतन्त्र भएको थियो (भण्डारी, २०७४, पृ.४०७-४०८)। विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव पार्ने क्रममा सोभियत लाल सेनाले जर्मनको नाजिवादी सेनालाई पराजित गरी चेकोस्लोभाकियालाई स्वतन्त्र राज्य बनाएको थियो। जसको कारणले यस मुलुकमा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव परेको थियो। चेकोस्लोभाकियामा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो। चेकोस्लोभाकियाको सन् १९४६ को चुनावमा त्यहाँको कम्युनिस्ट पार्टी ठूलो राजनीतिक पार्टी भै निर्वाचित भएपछि राष्ट्रपति एडवर्ड बेनेसले कम्युनिस्ट पार्टीका नेता क्लेमेन्ट गटवाल्डलाई सरकार गठन गर्ने जिम्मेवारी दिएका थिए। क्लेमेन्ट गटवाल्डले सरकार गठन गरी सन् १९४८ मा नयाँ संविधान जारि गर्दै चेकोस्लोभाकियामा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेका थिए (खतिवडा, २०७४, पृ.२२)। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावको कारणले नै चेकोस्लोभाकियामा कम्युनिस्ट पार्टी निर्वाचनमा ठूलो राजनीतिक दल बन्न पुगी सरकार गठन गर्न सक्ने भएको थियो। जसका कारण मुलुक नै समाजवादतिर उन्मुख भएको थियो।

सन् १९४८ मा प्रतिक्रियावादी वुर्जुवा वर्गले पुँजीवादी व्यवस्था फर्काउन कोसिस गरे पनि त्यहाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्तिलाई समाजवादी क्रान्तिमा रूपान्तरण गरी समाजवादी शासन व्यवस्था स्थापना गरिएको थियो (तामाङ, २०६९, पृ.१२७-१२८)। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव स्वरूप नै चेकोस्लोभाकियामा कम्युनिस्ट पार्टीको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्तिलाई समाजवादी क्रान्तिमा रूपान्तरण गर्न सहज भएको थियो। चेकोस्लोभाकियाको वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था त्यहाँको सन् १९८९ को भेल्मेट क्रान्तिले ढालेको थियो। सन् १९९३ मा चेकोस्लोभाकियाको राज्यसत्ता विघटन भई मुलुक नै दुई राज्यमा विभक्त भएको थियो, चेक गणतन्त्र र स्लोभाकिया (खतिवडा, २०७४, पृ.२२-२३)। विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव र सोभियत युनियनको लाल सेनाको सहयोगमा चेकोस्लोभाकियामा स्थापना भएको समाजवादी व्यवस्था लामो समयसम्म टिक्न नसकि ढल्न पुगेको थियो र चेकोस्लोभाकिया राज्य नै विभक्त भई चेक गणतन्त्र र स्लोभाकिया राज्य बन्न पुगेको थियो।

**पूर्वी जर्मनी**

दोस्रो विश्वयुद्धपछि जर्मनको पूर्वी भाग सोभियत रूसले आफ्नो नियन्त्रणमा लिएको थियो भने पश्चिम भाग बेलायत, फ्रान्स र अमेरिकाले आफ्नो नियन्त्रणमा लिएका थिए। सन् १९४९ मा पूर्वी जर्मनमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो भने पश्चिम जर्मनमा पुँजीवादी व्यवस्था स्थापना भएको थियो (भण्डारी, २०७४, पृ.४१९)। विश्व

राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले पारेको प्रभाव र सोभियत युनियनका लाल सेनाले नियन्त्रणमा लिएका कारण पूर्वी जर्मनीमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले दोस्रो विश्वयुद्धपछि जर्मनी पनि विभाजन हुन पुगेको थियो। दोस्रो विश्वयुद्धमा हिटलर नेतृत्वको नाजीवादी सेना पराजित हुन पुगेपछि सोभियत युनियनको समाजवादी सेनाले कब्जा गरेको भू-भागलाई बर्लिन शहरमा पर्खाल लगाई पूर्वी जर्मनी राज्यको निर्माण गरिएको थियो। दोस्रो विश्वयुद्धपछि पूर्वी जर्मनीमा रहेका मार्क्सवादी कम्युनिस्ट र सामाजिक जनवादी पार्टी मिलेर 'समाजवादी एकता पार्टी' को निर्माण गरेका थिए। यही पार्टीले पूर्वीजर्मनीमा सोभियत युनियनको समाजवादी सेनासँग मिलि वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरी शासन सत्ता चलाएको थियो। सन् १९८९ मा बर्लिन पर्खाल भत्किएपछि र जर्मनीको एकिकरण भएपछि पूर्वीजर्मनीमा स्थापित भएको वैज्ञानिक समाजवादी शासन व्यवस्था अन्त्य भएको थियो (खतिवडा, २०७४, पृ.२३)। सोभियत युनियनले नियन्त्रणमा लिएको र वैज्ञानिक समाजवादी चिन्तनको प्रभावका कारण विश्व मानचित्रमा पूर्वीजर्मनी राज्यको निर्माण भएको र उक्त मुलुकमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो। तर, सोभियत युनियन कमजोर र विघटनको दिशातिर उन्मुख भएपछि विश्व मानचित्रमा स्थापित दुई भिन्न मुलुक पूर्वी र पश्चिमी जर्मन एक मुलुकमा एकिकरण भई जर्मन राज्यमा स्थापित हुन पुगेको थियो। जसका कारण समाजवादी शासन व्यवस्थाको अन्त्य हुन पुगेको थियो।

सन् १९१७ को रूसमा भएको अक्टोबर समाजवादी क्रान्तिले समाजवादको स्थापना गरेपछि र सन् १९४५ मा जर्मन फासिवाद र जापानी सैन्यवादको अन्त्य भएपछि वैज्ञानिक समाजवादी चिन्तनले विश्व राजनीतिलाई नै प्रभावित तुल्याएको थियो। यसका कारण संसार भरिनै समाजवादी क्रान्तिको लहर चलेको थियो। समाजवादी अन्तर्राष्ट्रियतावाद, भाइचारा र मुक्तिका लागि भएको सर्वहारावर्गको क्रान्तिले समाजवादी क्रान्तिको आधार निर्माण गरेको थियो (तामाङ, २०६९, पृ.१२६)। सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेखी वैज्ञानिक समाजवादी चिन्तनको उद्‌भव गराएका कारण र सन् १९१७ मा लेनिनले वैज्ञानिक समाजवादी चिन्तनलाई मार्गदर्शक सिद्धान्त मानी अक्टोबर समाजवादी क्रान्ति गरी समाजवादी शासन व्यवस्था स्थापना गरेका कारणले गर्दा दोस्रो विश्वयुद्धपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले प्रभाव पारेको थियो र यसै प्रभावका कारण विश्व भरिनै विश्व समाजवादी आन्दोलनमा समाजवादी क्रान्ति र समाजवाद स्थापनाका निम्ति महत्त्वपूर्ण आधार निर्माण भएको थियो।

दोस्रो विश्वयुद्धपछि पूर्वीयुरोपमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्ने लहरै चलेको थियो। पूर्वीयुरोपका मुलुकहरूको समाजवादी इतिहास फरक फरक भए पनि वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्ने मामिलामा चाहिँ सबै मुलुकले सोभियत युनियन कै सहयोग लिएका थिए। पूर्वी युरोपका पोल्याण्ड, अल्बानिया, बुल्गेरिया जस्ता मुलुकले सोभियत युनियनको सहयोगमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेका थिए। सोभियत युनियनको सहयोगमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्ने लहर पूर्वी युरोप र युरोपमा मात्रै सीमित नरही अरब जगतका मुलुक अफ्रिकन मुलुक र एसियाली मुलुकमा पनि वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गर्ने लहर चलेको थियो (खतिवडा, २०७४, पृ.२३)। दोस्रो विश्वयुद्धपछि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव युरोपियन राजनीतिमा मात्रै सीमित नरही अफ्रिकन राजनीति र एशियाली राजनीतिमा समेत पर्न पुगेको थियो।

पूर्वीयूरोपका मुलुक पोल्याण्डमा सन् १९५२ मा सर्वहारावर्गको अधिनायकत्वमा आधारित वैज्ञानिक समाजवादी शासन व्यवस्था स्थापना भएको थियो, अल्बानियामा ११ जनवरी, १९४६ मा जनवादी गणतन्त्रको स्थापना गरी समाजवादी शासन व्यवस्था स्थापनाका निम्ति मार्ग प्रशस्त गरिएको थियो र बुल्गेरियामा सन् १९४४ मा पुँजीवादी क्रान्ति गरी राजतन्त्रको अन्त्य गर्दै समाजवादी क्रान्तिको लागि आधार तयार गरिएको थियो भने सन् १९४६ मा नयाँ सुधारको कार्यक्रम लागू गरी सन् १९४७ मा समाजवादी मार्ग तयार पारिएको थियो (तामाङ, २०६९, पृ.१२६-१२९)। विश्व राजनीतिमा वैज्ञानिक समाजवादी राजनीतिको प्रभाव पर्ने क्रममा पूर्वीयुरोपको राजनीतिमा पनि वैज्ञानिक समाजवादी

चिन्तनको प्रभाव परेको थियो । जसका कारण पूर्वीयुरोपका विभिन्न मुलुकमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो ।

**यमन**

यमनमा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव परेको कारण वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । सन् १९६७ मा यमन राज्यसत्ता टुक्रिएर दुई मुलुक भएपछि दक्षिणि यमनमा सन् १९६९ मा त्यहाँको समाजवादी समूहले राज्यसत्ता कब्जा गरी सन् १९७० मा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो । सन् १९९० पछि सोभियत युनियनको विघटनपछि यमन एकिकरण भएपछि दक्षिण यमनको वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था अन्त्य भएको थियो (खतिवडा, २०७४, पृ.२३-२४) । विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव स्वरूप यमनको राजनीतिमा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव परेको थियो । जसको फलस्वरूप यमन दुई मुलुकमा विभक्त भई दक्षिणी यमनमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो । तर, सोभियत युनियनको विघटनपछि दुई यमनबिच एकिकरण भएपछि त्यहाँको समाजवादी व्यवस्था ढलेको थियो ।

**अफ्रिकी महादेश**

अक्टोवर समाजवादी क्रान्तिपछि स्थापना भएको वैज्ञानिक समाजवादी व्यवस्थाको संस्था सोभियत युनियनले विश्व समाजवादी आन्दोलनमा विश्वका विभिन्न मुलुकमा र अफ्रिकन महादेश र अफ्रिकन मुलुकमा पनि समाजवादी क्रान्ति गर्न सहयोग गरेको थियो (जोशी, २०७८, पृ.२६९) । विश्व समाजवादी आन्दोलनको क्रममा सोभियत युनियनले विश्वका विभिन्न मुलुकमा समाजवादी क्रान्तिका निम्ति सहयोग गर्ने क्रममा अफ्रिकन महादेशका विभिन्न मुलुकमा पनि समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादी शासन व्यवस्था स्थापना गर्न सहयोग गरेको थियो । वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव अफ्रिकि महादेशमा पनि परेको थियो । अफ्रिकी महादेशका विभिन्न मुलुकमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । अफ्रिकि मुलुक तान्जानियामा सन् १९६४ देखि सन् १९९१ सम्म वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । अर्को अफ्रिकी मुलुक सोमालियामा सन् १९६९ देखि सन् १९९१ सम्म वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । अर्को अफ्रिकी मुलुक कङ्गोमा सन् १९६९ देखि सन् १९९१ सम्म वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । अर्को अफ्रिकी मुलुक मोजाम्बिकमा सन् १९७५ देखि सन् १९९० सम्म वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । अर्को अफ्रिकी मुलुक इथियोपिया सन् १९७७ देखि सन् १९९१ सम्म वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना भएको थियो । यी सबै अफ्रिकी मुलुकको वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था सोभियत युनियनको विघटनसँगै ढलेको थियो (खतिवडा, २०७४, पृ.२४) । विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव अफ्रिकी महादेशको राजनीतिमा पनि परेको थियो । जसका कारण अफ्रिकी महादेशका विभिन्न अफ्रिकी मुलुकमा समाजवादी क्रान्ति सम्पन्न भई समाजवादी शासन व्यवस्था स्थापना भएको थियो । सोभियत युनियनको सहयोगमा स्थापना भएका यी मुलुकका समाजवादी व्यवस्था सोभियन युनियनको विघटनसँगै अन्त्य हुन पुगेको थियो ।

**कम्बोडिया**

अक्टोबर समाजवादी क्रान्तिले रूसमा समाजवादी शासन व्यवस्था र सोभियत युनियनको स्थापना गरेपछि विश्व राजनीतिमा पुँजीवाद तथा साम्राज्यवाद निर्विकल्प व्यवस्थाको रूपमा रहेको थिएन । राजनीतिक व्यवस्था हिसाबले विश्व समाजवाद र पुँजीवाद दुई ध्रुवमा विभक्त हुँदै संसारमा समाजवाद र पुँजीवाद दुई राजनीतिक व्यवस्थाको स्थापना हुन पुगेको थियो (जोशी, २०७८, पृ.२६०) । विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभावका कारण विश्व राजनीति नै दुई ध्रुवमा बाँडिएको थियो । विश्वका विभिन्न मुलुकहरू पुँजीवादको नेतृत्व गरेको संयुक्त राज्य अमेरिका र वैज्ञानिक समाजवादको नेतृत्व गरेको सोभियत युनियनको कित्तामा उभिएका कारण विश्व राजनीति नै दुई ध्रुवमा विभक्त

हुन पुगेको थियो। विश्व दुई ध्रुवमा विभक्त हुने क्रम एसियासम्म आइपुगेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव युरोप, अरब जगत्, अफ्रिकी मुलुक हुँदै एसियासम्म आइपुगेको थियो। एसियाली मुलुक कम्बोडियामा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव परेको थियो। कम्बोडियामा पोलपोट नेतृत्वको खमेरूज पार्टीले विद्रोह गरी सन् १९७५ मा कम्बोडियाको राजधानी न्होमपेन कब्जा गरेर वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो। खमेरूज पार्टीले केन्द्रीय सत्ता कब्जा गरे पनि आम समस्याको समाधान गर्न सकेको थिएन। भियतनामसँगको सीमा विवाद र शरणार्थीको चाप जस्ता विविध समस्यालाई खमेरूज पार्टीले बेलैमा सम्बोधन गर्न नसकेको कारण भियतनामले कम्बोडियामा सैनिक हस्तक्षेप गरेको थियो। जसको कारणले सन् १९७८ मा खमेरूज पार्टीले स्थापना गरेको वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था अन्त्य भएको थियो (खतिवडा, २०७४, पृ.२४)। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव कम्बोडियन राजनीतिमा परेका कारण पोलपोटको नेतृत्वमा खमेरूज पार्टीले कम्बोडियामा क्रान्ति सम्पन्न गरी समाजवादी शासन स्थापना गरेको थियो। तर, कम्बोडियाको विविध राजनीतिक समस्याका कारण यो शासन व्यवस्था लामो समयसम्म टिक्न नसकी अन्त्य हुन पुगेको थियो।

**अफगानिस्तान**

अक्टोबर समाजवादी क्रान्तिपछि रूसमा स्थापित समाजवादी व्यवस्था र सोभियत युनियनले विश्व समाजवादी आन्दोलनमा विश्वका विभिन्न मुलुकमा समाजवादी क्रान्तिका निम्ति आर्थिक, राजनीतिक, सैनिक तथा मानवीय सहयोग गरेको थियो (जोशी, २०७८, पृ.२६९)। विश्व समाजवादी आन्दोलनमा सोभियत युनियनले समाजवादी क्रान्ति सम्पन्न गरी समाजवादको स्थापनाका निम्ति विश्वका विभिन्न मुलुकलाई राजनीतिक, आर्थिक, सामरिक सहयोग गरेको थियो। जसका कारण विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनले गहिरो प्रभाव पारेको थियो। यो सहयोगको क्रम एसियाको अफगानिस्तानसम्म आइपुगेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव अफगानिस्तानमा पनि परेको थियो। सन् १९७९ मा सोभियत युनियनले अफगानिस्तानमा सैनिक हस्तक्षेप गरी बारबारा कार्मलको नेतृत्वमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो। बारबारा कार्मलपछि नाजि बुल्लाहले समाजवादी शासनको नेतृत्व गरेका थिए। सन् १९८९ मा सोभियत युनियनले आफ्नो सेना फिर्ता गरेपछि तालिवान विद्रोहीले नाजि बुल्लाहको हत्या गरी शासनको बागडोर आफ्नो हातमा लिएका थिए (खतिवडा, २०७४, पृ.२४-२५)। सोभियत युनियनको सहयोग र प्रत्यक्ष हस्तक्षेपमा अफगानिस्तानमा समाजवादी शासन व्यवस्थाको स्थापना भएको थियो र सोभियत युनियनको विघटनसँगै अफगानिस्तानको समाजवादी व्यवस्था पनि विघटन हुन पुगेको थियो।

**चीन**

२० औँ शताब्दीमा चीन सामन्ती तथा अर्ध-औपनिवेशिक मुलुक थियो। चीनमाथि बेलायत, जापान, जर्मन र अन्य साम्राज्यवादी मुलुकहरूले प्रभुत्व जमाएका थिए। सन् १९१७ मा रूसमा अक्टोवर समाजवादी क्रान्ति भएपछि यसैको प्रभाव स्वरूप चीनमा सामन्तवाद तथा साम्राज्यवाद विरोधी आन्दोलन सुरू भएको थियो (तामाङ, २०६९, पृ.१३४)। विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव चीनको राजनीतिमा पनि पर्न पुगेको थियो। जसका कारण चीनमा पुँजीवादी जनवादी क्रान्ति सुरू हुन पुगेको थियो। वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव परेको कारण चीनमा कम्युनिस्ट पार्टीको स्थापना सन् १९२१ मा भएको थियो। त्यसबखत चीनमा कोमिन्ताङ पार्टी ठुलो थियो र यही पार्टीको नेतृत्वमा सरकार सञ्चालन भइरहेको थियो। सन् १९२५ मा सन यात सेनको मृत्यु भएपछि कोमिन्ताङ पार्टीको नेतृत्वमा च्याङ काई सेक आएका थिए। च्याङ काई सेक सत्तामा आइसकेपछि सन् १९२७ देखि चीनमा कम्युनिस्ट पार्टीले सशस्त्र विद्रोह सुरू गरेको थियो। सन् १९३४ देखि माओले आफ्नो नेतृत्वमा 'लङ मार्च अप्रेसन' सुरू गरेका थिए। यसै अवधिमा सन् १८९३ मा चीनमाथि आक्रमण गरिसकेको जापानले पुनः १९३७ मा आक्रमण गरेको थियो (खतिवडा, २०७४, पृ.२५-२६)। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावका कारण स्थापना भएको चीनिया

कम्युनिस्ट पार्टीको नेतृत्वमा माओ त्से तुङ्ग आएपछि उनकै नेतृत्वमा 'लङ मार्च अपरेशन' सुरू भएको थियो । जसले चीनमा जनवादी क्रान्ति गरेको थियो र जापानी साम्राज्यवादी युद्धलाई परास्त पारिदिएको थियो ।

जापानले चीनमाथि आक्रमण गरेपछि जापानि आक्रमणलाई परास्त पार्न चीनिया कम्युनिस्ट पार्टी र च्याङ काई सेकको कोमिन्ताङ पार्टी बिच सहकार्य गर्ने सहमति भएको थियो (जोशी, २०७८, पृ.२९८) । यसै सहकार्यले जापानी साम्राज्यवादी युद्धलाई पराजित गरिदिएको थियो । जापानले चीनमाथि आक्रमण गरेपछि माओले 'लङ मार्च अप्रेसन' थाति राखेर राष्ट्रियताको पक्षमा उभिदै च्याङ काई सेकसँग सहकार्य गरी जापानको विरूद्धमा युद्ध लडेका थिए। दोस्रो विश्वयुद्धको अन्त्यसँगै जपानी सेना चिनबाट फर्किए पनि अमेरिकाले च्याङ काई सेक नेतृत्वको राष्ट्रिय सेनालाई समर्थन र सहयोग गरेको थियो भने सोभियत युनियनले माओ नेतृत्वको जनमुक्ति सेनालाई सहयोग गरेको थियो । चीनबाट जापानी सेना फर्किएपछि पुनः सशस्त्र विद्रोह सुरू गरी माओले चीनको राज्य सत्ता कब्जा गर्दै अक्टोबर १, १९४९ मा चिनलाई जनवादी गणतन्त्र चीनको घोषणा गरेका थिए (खतिवडा, २०७४, पृ.२६-२७) । विदेशी साम्राज्यवादी युद्ध, सामन्तवादी तथा पुँजीवादी च्याङ काई सेकको सरकारलाई पराजित गर्दै माओले जनवादी गणतन्त्रको स्थापना गरी चीनलाई समाजवादी शासन व्यवस्था स्थापनाका लागि मार्ग प्रशस्त गरिदिएका थिए ।

क्रान्ति सम्पन्न भए लगत्तै सन् १९५२ मा चीनिया कम्युनिस्ट पार्टीले योजनाबद्ध रूपमा समाजवादमा सङ्क्रमणका लागि पञ्च वर्षीय योजना लागू गरी चीनलाई समाजवादका लागि मार्ग प्रशस्त गरेको थियो (जोशी, २०७८, पृ.२९९) । चीनको जनवादी सरकारले क्रमैसँग जनवादी कार्यक्रममार्फत् समाजवादी कार्यक्रम लागू गरी चीनको जनवादी सरकारलाई समाजवादी सरकारमा रूपान्तरण गर्नको लागि अग्रसर गराएको थियो । सन् १९४९ मा सम्पन्न भएको चीनको जनवादी क्रान्तिलाई सन् १९५६ पछि समाजवादी क्रान्तिमा विकसित गरिएको थियो र सर्वहारावर्गको अधिनायकत्वलाई स्थापित र सुदृढ गर्दै लगिएको थियो (तामाङ, २०६९, पृ.१३५) । सन् १९५६ पछि समाजवादतिर अग्रसर भएको नयाँ जनवादी गणतन्त्र चीन आजसम्म पनि समाजवादी शासन व्यवस्था स्थापनाका लागि अग्रसर हुँदैछ र समाजवादतिर लम्कँदै छ ।

**उत्तर कोरिया**

कोरियाली प्रायद्विपमा जापानी सेनाको अधिपत्य कायम थियो । दोस्रो विश्वयुद्धपछि जापान पराजित भएपछि सोभियत युनियनको समाजवादी सेनाले कब्जा गरेका मुलुक उत्तर कोरिया र अमेरिकी सेनाले कब्जा गरेको मुलुक दक्षिण कोरिया भएको थियो । यसरी कोरियाली प्रायद्विप दुई मुलुकमा विभक्त भएको थियो । दोस्रो विश्वयुद्धमा सोभियत युनियनको समाजवादी सेनाले प्योङयोङ कब्जा गरेपछि चीनमा निर्वासित भएर बसेका कम्युनिस्ट पार्टीका नेता कार्यकर्ता कोरिया फर्किएका थिए । उत्तर कोरियामा किम इल सुङ चिनबाट फर्केपछि 'कोरियाली श्रमिक पार्टी' गठन गरेका थिए । यही पार्टीले उत्तर कोरियामा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो भने दक्षिण कोरियामा अमेरिकाले प्रजातान्त्रिक व्यवस्था स्थापना गरेको थियो । उत्तर कोरिया र दक्षिण कोरियाबिच सन् १९५३ सम्म युद्ध भए पनि दुई कोरिया एक हुन सकेनन् र दुबैले एक अर्कालाई जित्न सकेनन् । आज पनि विश्व मानचित्रमा यी दुई मुलुक भिन्न भिन्न राज्यको रूपमा रहेका छन् (खतिवडा, २०७४, पृ.२७) । विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव कोरियाली प्रायद्वीपको राजनीतिमा पनि परेको थियो । जसको कारण कोरियाली प्रायद्वीप दुई मुलुकमा विभक्त हुन पुगेको थियो र उत्तर कोरियामा समाजवादी राजनीतिक व्यवस्था स्थापना हुन पुगेको थियो ।

सन् १९५३ मा उत्तर कोरिया र दक्षिण कोरियाबिच शान्ति सन्धि भएको थियो । शान्ति सन्धिपछि दुवै मुलुक भिन्न-भिन्न सार्वभौम मुलुकका रूपमा रहेका छन् । उत्तर कोरिया सन् १९५८ पछि जनवादी जनतन्त्रबाट उद्योगधन्दा, कलकारखना, कृषिलगायत विविध पाटोमा विकास गर्दै समाजवादी राज्यमा परिणत भएको थियो (तामाङ, २०६९, पृ.१३७) । कोरियाली प्रायद्विपको उत्तर कोरियामा वैज्ञानिक समाजवादी चिन्तनमा आधारित समाजवादी शासन व्यवस्था स्थापना भएको थियो र विश्व मानचित्रमा समाजवादी मुलुक भनी स्थापित र चित्रित हुन पुगेको थियो । आजसम्म यस मुलुकमा समाजवादी व्यवस्था कायमै छ ।

**भियतनाम**

विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव भियतनाममा पनि परेको थियो। भियतनाममा फ्रान्सेली औपनिवेशिक शासन कायम थियो। सन् १९५४ मा होची मिन्ह नेतृत्वको कम्युनिस्ट पार्टीको जनमुक्ति सेनाले फ्रान्सेली सेनालाई पराजित गरी भियतनामको राज्यसत्ता कब्जा गरको थियो र वैज्ञानिक समाजवादी राजनीतक व्यवस्था स्थापना गरेको थियो (खतिवडा, २०७४, पृ.२८)। होचि मिन्ह नेतृत्वको कम्युनिस्ट पार्टीको जनमुक्ति सेनाले कब्जा गरेको भूमि उत्तर भियतनामका नाममा विश्व मानचित्रमा अङ्कित भएको थियो जसमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो। जनमुक्ति सेनाले कब्जा नगरेको भुमी विश्व मानचित्रमा दक्षिण भियतनामको नाममा अङ्कित भएको थियो जसमा अमेरिकी समर्थित प्रजातान्त्रिक सरकार निर्माण भएको थियो। जसको सहयोगमा उत्तर भियतनामका विरूद्ध अमेरिकी सेनाले युद्ध लडेको थियो। उत्तर भियतनामले भने सोभियत युनियन र अरू समाजवादी मुलुकहरूको सहयोग लिँदै र सहकार्य गर्दै आफ्नो अर्थतन्त्र सुधार्ने र आर्थिक प्रणालीलाई समाजवादी दिशातिर उन्मुख गराउने कार्य गर्दै अघि बढेको थियो (तामाङ, २०६९, पृ.१३३-१३४)। उत्तर भियनतामलाई सोभियत युनियनले समाजवादी राजनीतिक प्रणाली स्थापना गर्न आर्थिक, सामारिक र सांस्कृतिक सहयोग गरेको थियो। होचि मिन्ह नेतृत्वको कम्युनिस्ट पार्टीको जनमुक्ति सेनाले सम्पूर्ण भियतनाम कब्जा गर्न नसकेपछि विश्व मानचित्रमा भियतनाम दुई मुलुक उत्तर भियतनाम र दक्षिण भियतनाम बन्न पुगेको थियो । उत्तर भियतनाममा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था थियो भने दक्षिण भियतनाममा अमेरिकाले समर्थन गरेको प्रजातान्त्रिक राजनीतिक व्यवस्था कायम थियो। दुवै भियतनामलाई एक बनाउन र भियतनामको एकिकरण गर्न दुई मुलुकबिच सन् १९५५ देखि सन् १९७५ सम्म २० वर्ष लामो भिषण युद्ध भएको थियो। उत्तर भियतनामलाई चिन, सोभियत युनियन र उत्तर कोरियाले सहयोग गरेका थिए भने दक्षिण भियतनामलाई अमेरिका दक्षिण कोरिया, थाइल्याण्डले सहयोग गरेका थिए (खतिवडा, २०७४, पृ.२८-२९)। विश्व मानचित्रमा स्थापित दुई मुलुक उत्तर भियतनाम र दक्षिण भियतनामले आ-आफूमा एक अर्को मुलुक विलय गराउन लामो समयसम्म युद्ध लडेका थिए।यी दुई मुलुकको लडाइले विश्व राजनीति नै दुई ध्रुवमा विभक्त भएको थियो। भियतनाममा भएको अगस्ट क्रान्तिले त्यस मुलुकको औपनिवेशिक तथा सामन्ती व्यवस्थाको अन्त्य गरी जनगणतन्त्रको स्थापना गरेको थियो। यस क्रान्ति रूसको अक्टोबर क्रान्तिपछिको अर्को विशिष्ट क्रान्ति थियो। यस क्रान्तिले भियतनामको हजारौं वर्ष पुरानो सामन्ति राजतन्त्रको अन्त्य गरिदिएको थियो। यस क्रान्तिपछि भियतनाम दुई भागमा विभक्त भएको थियो, उत्तर भियतनाम र दक्षिण भियतनाममा। दक्षिण भियतनाममा अमेरिकी समर्थनमा सरकार थियो। जसको समर्थनबाट अमरिकाले उत्तर भियतनामका विरूद्ध सन् १९५५ देखि १९७५ सम्म युद्ध गरे पनि पराजित हुन पुगेको थियो (जोशी, २०७८, पृ.३११)। लामो समयको युद्धमा पनि अमेरिकी नेतृत्वको दक्षिण भियतनामले होचि मिन्ह नेतृत्वको जनमुक्ति सेनालाई पराजित गरी उत्तर भियतनामलाई आफूमा विलिन गराउन सकेको थिएन। बिसौं वर्षको लामो युद्धमा पनि उत्तर भियतनामलाई हराउन नसकेपछि अन्ततोगत्वा होचि मिन्ह नेतृत्वको जनमुक्ति सेनासँग अमेरिकी सेना पराजित हुन पुगेको थियो।

२० वर्ष लामो भियतनाम युद्ध हुँदा पनि दुई भियतनाम एक हुन सकेका थिएनन् र एउटा मुलुकले अर्को मुलुकलाई जित्न सकेका पनि थिएनन्। लामो युद्ध अमेरिकाको अनावश्यक हस्तक्षेप र सहयोगलाई लिएर अमेरिकी जनता नै रूष्ट हुन लागेका थिए र अमेरिकी सरकारको अनावश्यक हस्तक्षेप र सहयोगका विरूद्धमा प्रदर्शन गर्न थालेका थिए। यसैबिच सन् १९७२ को राष्ट्रपति चुनावमा यसले गम्भीर असर पार्ने देखेर अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले दक्षिण भियतनामबाट अमेरिकी सेना फिर्ता गर्ने र दिदैं अएको सहयोग पनि कटौति गर्ने घोषणा गरेका थिए। रिचार्ड निक्सनले सन् १९७२ को राष्ट्रपतिको चुनावमा विजय हासिल गरे पनि 'वाटरगेट काण्ड' को कारण उनले राजिनामा दिएका थिए र उपराष्ट्रपति जेराल्ड फोर्ड नै राष्ट्रपति बनेका थिए। अमेरिकी राष्ट्रपति जेराल्ड फोर्डले पनि दक्षिण भियतनामलाई दिँदै आएको सम्पूर्ण सहयोग कटौती गरिदिए र अमेरिकालाई भियतनाम युद्धबाट अलग राखेका थिए। जसको फलस्वरूप अप्रिल, १९७५ मा होचि मिन्ह नेतृत्वको उत्तर भियतनामी जनमुक्ति सेनाले दक्षिण भियतनाम कब्जा गरेको थियो। यसरी होचि मिन्हले दुवै भियतनामलाई एकिकरण गरी एउटै भियतनामको निर्माण गर्दै वैज्ञानिक समाजवादी राजानीतिक व्यवस्था स्थापना गरेका थिए (खतिवडा, २०७४, पृ.२८-२९)। बिसौ वर्षको लामो युद्धमा उत्तर भियतनामलाई हराउन नसकेपछि दक्षिण भियतनामलाई दिँदै आएको आर्थिक, सामरिक र सांस्कृतिक सहयोगलाई कटौती गरी दक्षिण

भियतनामबाटै बाहिरिन बाध्य भएको थियो। जसको परिणाम स्वरूप होचि मिन्ह नेतृत्वको जनमुक्ति सेनाको जित भयो र र दुई भियतनामी मुलुक एक भएर भियतनाममा समाजवादी व्यवस्था स्थापित भएको थियो। विश्वका शक्तिशाली साम्राज्यवादी मुलुक अमेरिका, जापान, फ्रान्स, ब्रिटेन जस्ता शक्तिशाली मुलुकलाई पराजित गरी समाजवादी गणतन्त्रको स्थापना गर्ने भियनतामको यस क्रान्ति मानव इतिहासकै पहिलो क्रान्ति थियो। जसले सम्पूर्ण भियतनामलाई एक मुलुक र बनाई, सिङ्गो मुलुक बनाई समाजवादी शासन व्यवस्था स्थापना गरेको थियो (जोशी, २०७८, पृ.३१५)। विश्व समाजवादी आन्दोलनको इतिहासमा र विश्व समाजवादी क्रान्तिको इतिहासमा भियतनामको जनवादी तथा समाजवादी क्रान्ति महानतम् स्थान राख्ने महत्त्वपूर्ण क्रान्ति थियो। जुन क्रान्तिले विश्व राजनीतिमा गम्भीर प्रभाव पारेको थियो। जसले गर्दा विश्व राजनीति व्यवस्थाको ढाँचामा नयाँ आयाम थपेको थियो। यस क्रान्तिले आज पनि उत्तिकै महत्त्व राख्दछ।

**लाओस**

लाओसमा फ्रान्सेली औपनिवेशिक शासन थियो। सन् १९४५ को विद्रोहले लाओसमा फ्रान्सेली औपनिवेशिक शासनको अन्त्य गरेको थियो र उक्त सेनाले लाओसमा जनविद्रोह गरी सन् १९७५ मा राज्यसत्ता कब्जा गरी राजतन्त्रको अन्त्य गर्दै वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापना गरेको थियो (खतिवडा, २०७४, पृ.२९-३०)। विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव लाओसमा पनि परेको थियो। जसका कारण लामो समयसम्म शासन व्यवस्था कायम गरेको राजतन्त्र अन्त्य भई समाजवादी शासन व्यवस्था स्थापनाका भएको थियो। सन् १९४५ मा फ्रान्सको नियन्त्रणबाट लाओस मुक्त भएपनि सन् १९४६ मा पुनः लाओसमाथि फ्रान्सले नियन्त्रण जमाएको थियो। यसपछि पुनः राष्ट्रिय मुक्ति आन्दोलनबाट राष्ट्रवादीहरूको सन् १९५० मा राष्ट्रिय प्रतिरोधि सरकार बनेको थियो। यसपछि पुनः सन् १९५३ मा लाओस स्वतन्त्र हुन पुगेको थियो। सन् १९५५ मा जनक्रान्तिकारी पार्टीले राष्ट्रवादी शक्तिहरूको नेतृत्व सम्हालेको थियो। सन् १९६० मा अमेरिकी समर्थित दक्षिणपन्थी सरकारले राष्ट्रवादी शक्तिहरूको विरूद्ध युद्धको नीति लिएपछि लगातार १३ वर्षसम्म युद्ध चलेको थियो। सन् १९७३ मा लाओसमा राष्ट्रवादी शक्तिहरूको जित हुन पुगेको थियो। यसपछि लाओसलाई राष्ट्रवादी शक्तिहरूले समाजवादी दिशा दिएका थिए (तामाङ, २०६९, पृ.१३७-१३८)। लामो समय आन्दोलन क्रान्तिबाट लाओसमा समाजवादी शासन व्यवस्था स्थापना भएको थियो। विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव लाओसमा पनि परेको कारण त्यहाँ समाजवादी शासन व्यवस्था स्थापना हुन सम्भव भएको थियो।

**क्यूवा**

वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव ल्याटिन अमेरिकी मुलुक क्यूवामा पनि परेको थियो। क्यूवाको निर्वाचित सरकारलाई सन् १९५२ मा अपदस्त गरी फल्गेन्सियो बाटिस्टाले राज्यसत्ता कब्जा गरी निरङ्कुश शासन सत्ता सञ्चालन गरेपछि उक्त सरकारको विरूद्धमा क्यास्त्रोले नेतृत्व गरेका विद्रोही युवाको जमातले २६ जुलाई, १९५३ को दिन असङ्गठित र असफल विद्रोह गरेका थिए। यस असफल विद्रोहको नेतृत्व गर्ने फिडेल क्यास्त्रो पक्राउ परि १५ वर्षको जेल सजाय पाएका थिए भने ९ जना मारिएका र ५६ जना पक्राउ परी जेल चलान भएका थिए (खतिवडा, २०७४, पृ.३०)। विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव क्यूवामा पनि परेका कारण त्यहाँका क्रान्तिकारी युवा जमात जम्मा भई र एकत्रित भई निरङ्कुश शासन व्यवस्थाका विरूद्ध विद्रोह र क्रान्ति गर्न पुगेका थिए। जसको नेतृत्व फिडेल क्यास्त्रोले गरेका थिए। उनी नेतृत्वको पहिलो विद्रोह र क्रान्ति उनीहरू पक्राउ पर्नका कारण असफल भएको थियो। तर, उनीहरू राजनीतिक दबाबका कारण राजनीतिक बन्दीका रूपमा सन् १९५५ मा रिहा भएका थिए। उनीहरूलाई रिहा गर्न राजनीतिक दबाब परेपछि बाटिस्टा सरकार उनीहरूलाई रिहा गर्न बाध्य भएको थियो (जोशी, २०७८, पृ.३१७)। वैज्ञानिक समाजवादी चिन्तनको प्रभावकै कारण क्यूवाली जनतामा राजनीतिक चेतनाको जागरण

भइसकेको थियो । जसले गर्दा पक्राउ परेका राजबन्दीलाई रिहा गर्नका निम्ति बाटिस्टा सरकारलाई लगातार दबाब दिएका थिए । जसका कारण क्यास्त्रोसहित अन्य राजबन्दीहरू पनि रिहा हुन पुगेका थिए ।

सन् १९५५ को सम्पूर्ण राजनीतिक राजबन्दी रिहा गर्ने बाटिस्टा सरकारको निर्णयले फिडेल क्यास्त्रो पनि रिहा भएका थिए । रिहा लगत्तै उनी मेक्सिको गएका थिए र त्यहाँ उनले अर्जेन्टियाली क्रान्तिकारी नेता चे ग्वे भारासँग भेटेका थिए । त्यस भेटमा दुवैले बाटिस्टाको निरङ्कुश सरकारको विरूद्धमा पुनः विद्रोह गर्ने निर्णय गर्दै गुरिल्ला युद्ध सुरू गरेका थिए । यसै क्रममा जनवरी, १९५९ मा क्यूवाको राज्यसत्ता कब्जा गरेका थिए र फेब्रुअरी १६, १९५९ मा फिडेल क्यास्त्रो क्यूवाको १६ औं प्रधानमन्त्री भएका थिए (खतिवडा, २०७४, पृ.३०-३१) । रिहा लगत्तै पुनः क्यास्त्रो विद्रोह र क्रान्तिमा होमिन पुगेका थिए । उनको नेतृत्वमा भएको विद्रोह र क्रान्ति अन्ततोगत्वा सफल भएको थियो र क्यूवामा समाजवादी व्यवस्था स्थापनाका निम्ति मार्ग प्रशस्त भएको थियो । प्रारम्भमा विद्रोहमा समाजवादी नभएका फिडेल क्यास्त्रो विद्रोह गरी राज्यसत्ता कब्जा गरेपछि अक्टोवर, सन् १९६५ मा पूर्ण रूपमा आफूलाई वैज्ञानिक समाजवादी चिन्तनको पक्षमा उभ्याउँदै क्यूवाको राज्यसत्तालाई सदाका लागि वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको रूपमा रूपान्तरित गरेका थिए (पाइपस्, इ.२००३, पृ.१६७, १६८) । विश्व राजनीतिमा परेको वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव क्यूवामा पनि परेका कारणले फिडेल क्यास्त्रोले क्रान्ति र विद्रोह गरी क्यूवामा समाजवादी गणतन्त्रको स्थापना गर्न सफल भएका थिए । जहाँ आजसम्म पनि समाजवादी शासन व्यवस्था कायमै छ ।

## ४.निष्कर्ष

वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव संसारभरि नै परेको थियो र आजपनि उत्तिकै परेको छ। वैज्ञानिक समाजवादी चिन्तन र राजनीतिक व्यवस्था आज पनि उत्तिकै बलशाली चिन्तन र व्यवस्थाको रूपमा रहेको छ। यसो हुनुको कारण वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव विश्व राजनीतिमा परेको कारणले हो। सन् १८४८ मा मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनको उद्भव र विकास गरेपछि र रूसमा लेनिनले र चिनमा माओले वैज्ञानिक समाजवादी चिन्तनको आधारमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना र अभ्यास गरेपछि आजसम्म यो चिन्तनधारा र शासन व्यवस्था निर्विकल्प रूपमा बलशाली चिन्तन र व्यवस्थाको रूपमा रहेको छ।

विश्वभर नै वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव छ। आफूलाई संसारकै उत्कृष्ट लोकतान्त्रिक मुलुक ठान्ने ब्रिटेन, अमेरिका, युरोपियन मुलुक र भारतमा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव प्रशस्तै देखिन्छ। विश्व मानचित्रमा रहेको अहिलेका ४६ वटा मुलुकभन्दा धेरै मुलुकहरूले वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको अभ्यास गरिसकेका छन् । यो वैज्ञानिक समाजवादी चिन्तनको प्रभावले नै सम्भव भएको थियो। यी ४६ वटा मुलुकमध्ये आज पनि चीन, भियतनाम, उत्तर कोरिया, लाओस र क्यूवाले वैज्ञानिक समाजवादी चिन्तनको प्रभावमा वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थालाई आत्मसात्, अभ्यास र प्रयोग गरिरहेकै छन् । लोकतान्त्रिक मान्यताको बहुदलीय राजनीतिक व्यवस्थाको सिद्धान्तलाई आत्मसात्, अभ्यास र प्रयोग गर्ने मुलुकहरूमा पनि वैज्ञानिक समाजवादी चिन्तनको प्रभावमा परी त्यस मुलुकमा समाजवादी पार्टी गठन भइ उक्त पार्टीहरूले बहुदलीय व्यवस्थाको निर्वाचन पद्धतिमा सहभागी भई बहुमत ल्याई सरकार गठन, सञ्चालन र सरकारको नेतृत्व समेत गरेका छन् । यी मुलुकहरूमा भारत र भारतको प्रदेश सरकार पश्चिम बङ्गाल, केरला, त्रिपुरा र निकारागुवा, नेपाल र साइप्रसजस्ता मुलुक हुन् । यस आलेखको अध्ययन गर्दा विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको प्रभाव गहिरो, स्पष्ट र प्रशस्तै परेको देखिन्छ ।

## सन्दर्भ सामग्री

खतिवडा, डम्बर, (२०७४),*समाजवादको यात्रा : युटोपियादेखि चौथो आयामसम्म,* काठमाडौं : साङग्रिला पुस्तक प्रा. लि. ।

जोशी, चन्द्रदेव, (२०७८), *मार्क्सवाद र विश्व-कम्युनिस्ट आन्दोलन,* काठमाडौं : इन्डिगो इन्क प्रा. लि. ।

तामाङ, सीताराम, (२०६९), *विश्व कम्युनिस्ट आन्दोलन,* काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह ।

भण्डारी, शशिधर, (२०७४), *विश्व कम्युनिस्ट आन्दोलनको इतिहास (खण्ड-१),* (संस्करण दोस्रो), प्रकाशकः मनोज जिसी ।

**English**

Gilabert, P. (2015). The socialist principle "from each according to their abilities, to each according to their needs". *Journal of Social Philosophy*, *46*(2), pp. 197–225. doi:10. 1111/josp. 12096

Gooding, J. (2001). *Socialism in Russia : Lenin and his Legacy, 1890-1991*. Basingstoke : Palgrave Macmallan.

Macfarlane, S.N. (1990). Successes and failures in Soviet policy towards Marxist revolutions in the third world. In M. Katz (Ed.), *The USSR and Marxist revolutions in the world.* Cambridge : Cambridge University Press.

Lee, S.J. (2003). *Lenin and revolutionary Rusia.* London : routledge:

Pipes, R. (2003). *Communism : A history.* Random House Publising,

**Email : rajneetinepal512@gmail.com**